न्याय परिषदको मिति २०७५।१०।१५ को निर्णय

१. तनहुँ जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री ओमकार उपाध्याय (हाल काज न्याय परिषद ) र मुस्ताङ जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री विश्वमंगल आत्रेय (हाल काज न्याय परिषद) उपर परेका उजूरीहरुको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराईको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ समिति गठन गर्ने ।

२. भुकम्पबाट प्रभावित संरचनाको पुर्ननिर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपधारा (२) बमोजिमको पुनरावेदन समितिको अध्यक्षमा उच्च अदालत पाटनका न्यायाधीश श्री नरेन्द्रकुमार शिवाकोटीलाई तोक्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

३. उच्च अदालत जनकपुर, वीरगञ्ज इजलासका रजिष्ट्रार (रा.प.द्वितीय) श्री कृष्णप्रसाद शर्मा नेपाललाई जिल्ला न्यायाधीशको पदमा नियुक्ति गरी पर्सा जिल्ला अदालतमा पदस्थापन गर्न सम्माननीय प्रधान न्यायाधीश समक्ष सिफारिस गर्ने ।